नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists (FNJ)

एफएनजे न्यूजलेटर चैत २०७४ – वैशाख २०७५ | FNJ Newsletter April-June 2018

## पत्रकार महासंघ प्रदेश समितिको निर्वाचन सम्पन्न

# पदाधिकारी तथा सदस्यहरुद्वारा पदभार ग्रहण



नेपाल पत्रकार महासंघ प्रदेश समितिको निर्वाचन २०७५ वैशाख २२ गते सम्पन्न भएको छ। महासंघको १० प्रदेशमध्ये प्रदेश नं.४, ५, कर्णाली प्रदेश, प्रतिष्ठान प्रदेश र एसोसिएट प्रदेशमा निर्विरोध निर्वाचित भएका थिए भने बाँकी प्रदेशका विभिन्न पदमा निर्वाचन भएको थियो।

निर्वाचित १० वटै प्रदेशका पदाधिकारी र सदस्यहरूमध्ये उपत्यका, प्रतिष्ठान र एसोसिएट प्रदेशबाट निर्वाचित पदाधिकारी तथा सदस्यहरूले नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा



सपथ लिनुका साथै पदभार ग्रहण गरेका थिए भने उपत्यका बाहिरका प्रदेशका पदाधिकारी तथा सदस्यहरूले सम्बन्धित प्रदेशमा सपथ लिई पदभार ग्रहण गरेका थिए ।

नेपाल पत्रकार महासंघ केन्द्रीय निर्वाचन समितिले सार्वजनिक गरेको निर्वाचनको मतपरिणाम यस प्रकार छ :

**प्रदेश नं. १**

| | नाम | पद |
|---|---|---|
| १. | विक्रम लुइटेल | अध्यक्ष |
| २. | सोमनाथ सुसेली | उपाध्यक्ष |
| ३. | स्मीता निरौला | उपाध्यक्ष (महिला) |
| ४. | विवेक गौतम | महासचिव |
| ५. | हरिकुमार राई | सचिव |
| ६. | बुद्धवीर राई | सचिव (समावेशी) |
| ७. | अम्बिका भण्डारी | कोषाध्यक्ष |
| ८. | डिल्लीराम खतिवडा | सदस्य (खुल्ला) |
| ९. | तिर्थ सिग्देल | सदस्य (खुल्ला) |
| १०. | बुद्धिप्रसाद लामिछाने (विमल) | सदस्य (खुल्ला) |
| ११. | विपेन्द्र गौतम | सदस्य (खुल्ला) |
| १२. | शशी कोइराला | सदस्य (खुल्ला) |
| १३. | रेजिना गौतम | सदस्य (महिला) |
| १४. | तिल कुमारी शर्मा | सदस्य (महिला) |
| १५. | रीता मोक्तान | सदस्य (महिला) |
| १६. | सन्तोष रुचाल | सदस्य (दलित) |
| १७. | गणेश साम्पाङ राई | सदस्य (आदिवासी जनजाति) |
| १८. | केशवकुमार लामा | सदस्य (आदिवासी जनजाति) |
| १९. | जयकृष्ण यादव | सदस्य (मधेशी) |
| २०. | ब्रम्हदेव यादव | सदस्य (मधेशी) |
| २१. | इकवाल अहमद | सदस्य (अल्पसंख्यक) |

**प्रदेश नं. २**

| | नाम | पद |
|---|---|---|
| १. | दिपेन्द्र चौहान | अध्यक्ष |
| २. | के.सी. लामिछाने | उपाध्यक्ष |
| ३. | रिंकु कुमारी मिश्र | उपाध्यक्ष (महिला) |
| ४. | किरण कुमार कर्ण | महासचिव |
| ५. | गुरुप्रसाद गौतम | सचिव |
| ६. | राम नारायण विश्वास | सचिव (समावेशी) |
| ७. | प्रविण साह | कोषाध्यक्ष |
| ८. | अजित कुमार सिंह | सदस्य (खुल्ला) |
| ९. | धिरेन्द्र राय | सदस्य (खुल्ला) |
| १०. | भोजराज भट्टराई | सदस्य (खुल्ला) |
| ११. | राजन कुमार सिंह | सदस्य (खुल्ला) |
| १२. | शैलेन्द्र झा | सदस्य (खुल्ला) |
| १३. | चन्दा कुमारी साह | सदस्य (महिला) |
| १४. | ललिता साह | सदस्य (महिला) |
| १५. | विम्मी शर्मा | सदस्य (महिला) |
| १६. | शिकेन्द्र पासवान | सदस्य (दलित) |
| १७. | जगत राई | सदस्य (आदिवासी जनजाति) |
| १८. | जितलाल श्रेष्ठ | सदस्य (आदिवासी जनजाति) |
| १९. | अजय कुमार साह | सदस्य (मधेशी) |
| २०. | वैद्यनाथ चौधरी | सदस्य (मधेशी) |
| २१. | हदिश खुद्दार | सदस्य (अल्पसंख्यक) |

**प्रदेश नं. ३**

| | नाम | पद |
|---|---|---|
| १. | प्रताप विष्ट | अध्यक्ष |
| २. | यदुनाथ गौतम | उपाध्यक्ष |
| ३. | नानीमैयाँ कार्की | उपाध्यक्ष (महिला) |
| ४. | कृष्ण सारु मगर | महासचिव |
| ५. | सुरेन्द्रप्रसाद हुमागाइँ | सचिव |
| ६. | राजन वि.क. | सचिव (समावेशी) |
| ७. | सीताराम अधिकारी | कोषाध्यक्ष |
| ८. | प्रविण बराल | सदस्य (खुल्ला) |
| ९. | रविन्द्र गौतम | सदस्य (खुल्ला) |
| १०. | रामकान्त पौडेल | सदस्य (खुल्ला) |
| ११. | रामचन्द्र नेपाल | सदस्य (खुल्ला) |
| १२. | रामहरी गजुरेल | सदस्य (खुल्ला) |
| १३. | युवराज पुरी | सदस्य (खुल्ला) |
| १४. | जानुका न्यौपाने | सदस्य (महिला) |
| १५. | नानीमैयाँ विष्ट | सदस्य (महिला) |
| १६. | शर्मिला उप्रेती | सदस्य (महिला) |
| १७. | मदन विश्वकर्मा | सदस्य (दलित) |
| १८. | ईश्वर कुमार जोशी | सदस्य (आदिवासी जनजाति) |
| १९. | जीवन श्रेष्ठ | सदस्य (आदिवासी जनजाति) |
| २०. | कोमलचन्द्र भगत | सदस्य (मधेशी) |
| २१. | बद्री नयाँघरे | सदस्य (अल्पसंख्यक) |

**प्रदेश नं. ४**

| | नाम | पद |
|---|---|---|
| १. | त्रिभुवन पौडेल | अध्यक्ष |

| | | |
|---|---|---|
| २. | नारायण प्रसाद शर्मा | उपाध्यक्ष |
| ३. | शान्ति गुरुङ | उपाध्यक्ष (महिला) |
| ४. | गणेश पौडेल | महासचिव |
| ५. | इन्द्र प्रसाद पौडेल | सचिव |
| ६. | रुद्र श्रीष मगर | सचिव (समावेशी) |
| ७. | दिपक भट्टराई | कोषाध्यक्ष |
| ८. | खेमबहादुर सारु | सदस्य (खुल्ला) |
| ९. | गोविन्द सुवेदी | सदस्य (खुल्ला) |
| १०. | बसन्तप्रसाद अधिकारी | सदस्य (खुल्ला) |
| ११. | राजेन्द्र न्यौपाने | सदस्य (खुल्ला) |
| १२. | रामजीप्रसाद लम्साल | सदस्य (खुल्ला) |
| १३. | सन्तोष गौतम | सदस्य (खुल्ला) |
| १४. | सुशिलबाबु श्रेष्ठ | सदस्य (खुल्ला) |
| १५. | अन्जना तिमिल्सिना | सदस्य (महिला) |
| १६. | कमला के.सी. | सदस्य (महिला) |
| १७. | रविना ढकाल | सदस्य (महिला) |
| १८. | राजेश सोनाम | सदस्य (दलित) |
| १९. | शिला गुरुङ | सदस्य (आदिवासी जनजाति) |
| २०. | संगम कुमार घर्ती | सदस्य (आदिवासी जनजाति) |
| २१. | शेष मोहम्मद हनिफ (गोरा मियाँ) | सदस्य (अल्पसंख्यक) |

## प्रदेश नं. ५

| | नाम | पद |
|---|---|---|
| १. | मौसम रोका मगर | अध्यक्ष |
| २. | भरत के.सी. | उपाध्यक्ष |
| ३. | दिपा घर्ति | उपाध्यक्ष (महिला) |
| ४. | भेषराज बस्नेत | महासचिव |
| ५. | शुक्रऋषि चौलागाई | सचिव |
| ६. | सन्तोष दहित | सचिव (समावेशी) |
| ७. | गणेश वली | कोषाध्यक्ष |
| ८. | अशोककुमार खनाल | सदस्य (खुल्ला) |
| ९. | विक्रम खड्का | सदस्य (खुल्ला) |
| १०. | प्रेमनारायण आचार्य | सदस्य (खुल्ला) |
| ११. | नन्दराम पौडेल | सदस्य (खुल्ला) |
| १२. | शोभाकर पन्थी | सदस्य (खुल्ला) |
| १३. | खेमकुमारी पोखरेल (दिपु) | सदस्य (महिला) |
| १४. | सरु राना | सदस्य (महिला) |
| १५. | सोनकली थारु | सदस्य (महिला) |
| १६. | शिवकुमार सुनार | सदस्य (दलित) |

| | | |
|---|---|---|
| १७. | लक्ष्मीमान चौधरी | सदस्य (आदिवासी जनजाति) |
| १८. | सुशील श्रेष्ठ | सदस्य (आदिवासी जनजाति) |
| १९. | मनोजकुमार श्रीवास्तव | सदस्य (मधेशी) |
| २०. | रामविकास चौधरी | सदस्य (मधेशी) |
| २१. | ओरिराम चौरसीया | सदस्य (अल्पसंख्यक) |

## कर्णाली प्रदेश

| | नाम | पद |
|---|---|---|
| १. | दुर्गा थापा | अध्यक्ष |
| २. | कमल पन्त | उपाध्यक्ष |
| ३. | डम्मरकुमारी आचार्य | उपाध्यक्ष (महिला) |
| ४. | दिपेन्द्र शर्मा | महासचिव |
| ५. | पवित्र शाही | सचिव |
| ६. | गणेशकुमार सिर्पाली | सचिव (समावेशी) |
| ७. | सुरेन्द्र खत्री | कोषाध्यक्ष |
| ८. | अशोककुमार सिंह | सदस्य (खुल्ला) |
| ९. | कृष्ण आचार्य | सदस्य (खुल्ला) |
| १०. | कृष्णराज धमाला | सदस्य (खुल्ला) |
| ११. | गोपाल रेग्मी | सदस्य (खुल्ला) |
| १२. | गोविन्द के.सी. | सदस्य (खुल्ला) |
| १३. | नविनकुमार पौडेल | सदस्य (खुल्ला) |
| १४. | मन्दिर सिंह | सदस्य (खुल्ला) |
| १५. | विस्नप्रसाद न्यौपाने | सदस्य (खुल्ला) |
| १६. | कृष्णमाया उपाध्याय | सदस्य (महिला) |
| १७. | छसाल लामा | सदस्य (महिला) |
| १८. | दान कुमारी शाही | सदस्य (महिला) |
| १९. | गणेश विक | सदस्य (दलित) |
| २०. | श्रीप्रसाद चौधरी | सदस्य (आदिवासी जनजाति) |
| २१. | सन्तोष घर्ती | सदस्य (आदिवासी जनजाति) |

## प्रदेश नं. ७

| | नाम | पद |
|---|---|---|
| १. | अर्जुन शाह | अध्यक्ष |
| २. | दुर्गाप्रसाद भण्डारी | उपाध्यक्ष |
| ३. | चाँदनी आचार्य | उपाध्यक्ष (महिला) |
| ४. | योगेश रावल | महासचिव |
| ५. | करन ताम्राकार | सचिव |
| ६. | प्रेम राम चुनारा | सचिव (समावेशी) |
| ७. | नरेन्द्रप्रसाद भट्ट | कोषाध्यक्ष |
| ८. | अरुणप्रसाद भट्ट | सदस्य (खुल्ला) |

| | | |
|---|---|---|
| ९. | गगनबहादुर ऐडी | सदस्य (खुल्ला) |
| १०. | नरेन्द्रबहादुर रावल | सदस्य (खुल्ला) |
| ११. | पुष्पराज भट्ट | सदस्य (खुल्ला) |
| १२. | बरुण पनेरु | सदस्य (खुल्ला) |
| १३. | शिवराज खत्री | सदस्य (खुल्ला) |
| १४. | राधिकाकुमारी सापकोटा | सदस्य (महिला) |
| १५. | सम्झना पाण्डे | सदस्य (महिला) |
| १६. | खडग कोली | सदस्य (दलित) |
| १७. | भिमबहादुर चौधरी | सदस्य (आदिवासी जनजाति) |
| १८. | मुकेश टेंर्रा | सदस्य (आदिवासी जनजाति) |
| १९. | गम्भीरलाल उराव | सदस्य (मधेशी) |
| २०. | भोजराज रोप्यारा | सदस्य (अल्पसंख्यक) |

## उपत्यका प्रदेश

| | नाम | पद |
|---|---|---|
| १. | नारानकुमार दाहाल | अध्यक्ष |
| २. | माधवप्रसाद पौडेल | उपाध्यक्ष |
| ३. | प्रमिला बानियाँ | उपाध्यक्ष (महिला) |
| ४. | श्रीजन झा | महासचिव |
| ५. | विष्णुप्रसाद आचार्य | सचिव |
| ६. | अमर भुजू | सचिव (समावेशी) |
| ७. | टेकबहादुर रोका (टेनिस) | कोषाध्यक्ष |
| ८. | कालिका महत | सदस्य (खुल्ला) |
| ९. | केदार भट्टराई | सदस्य (खुल्ला) |
| १०. | गणेश उप्रेती | सदस्य (खुल्ला) |
| ११. | प्रविणकुमार चौधरी | सदस्य (खुल्ला) |
| १२. | लोकराज अवस्थी | सदस्य (खुल्ला) |
| १३. | सागर पन्त | सदस्य (खुल्ला) |
| १४. | अम्बिका पौडेल | सदस्य (महिला) |
| १५. | चन्द्रकला क्षेत्री (भगवती) | सदस्य (महिला) |
| १६. | लक्ष्मी गारु | सदस्य (महिला) |
| १७. | रामचन्द्र प्रजापती | सदस्य (आदिवासी जनजाति) |
| १८. | वीरबहादुर लामा | सदस्य (आदिवासी जनजाति) |
| १९. | विरेन्द्र के.एम. | सदस्य (मधेशी) |
| २०. | मणिराज पौडेल | सदस्य (अल्पसंख्यक) |

## प्रतिष्ठान प्रदेश

| | नाम | पद |
|---|---|---|
| १. | शेखर अधिकारी | अध्यक्ष |
| २. | बोमलाल गिरी | उपाध्यक्ष |
| ३. | कालिका शिवाकोटी | उपाध्यक्ष (महिला) |
| ४. | बालकृष्ण अधिकारी | महासचिव |
| ५. | उद्धवकुमार कार्की | सचिव |
| ६. | सन्चुकुमारी लामा | सचिव (समावेशी) |
| ७. | सरोज कोइराला | कोषाध्यक्ष |
| ८. | केशवप्रसाद वोहरा | सदस्य (खुल्ला) |
| ९. | जयराम गौतम | सदस्य (खुल्ला) |
| १०. | नरेन्द्र मानन्धर | सदस्य (खुल्ला) |
| ११. | सीमा शर्मा | सदस्य (खुल्ला) |
| १२. | हरिभक्त आचार्य | सदस्य (खुल्ला) |
| १३. | यसिमा महत | सदस्य (महिला) |
| १४. | रुक्मिणी पोखरेल | सदस्य (महिला) |
| १५. | कमलाकुमारी वि.क. (रसाइली) | सदस्य (दलित) |
| १६. | बेदबहादुर रानामगर | सदस्य (आदिवासी जनजाति) |
| १७. | दिपेन्द्रकुमार कर्ण | सदस्य (मधेशी) |
| १८. | रुबी रौनियार | सदस्य (अल्पसंख्यक) |

## एसोसियट प्रदेश

| | नाम | पद |
|---|---|---|
| १. | केपी ढुंगाना | अध्यक्ष |
| २. | विष्णु थापा | उपाध्यक्ष |
| ३. | स्मृति ढुंगाना | उपाध्यक्ष (महिला) |
| ४. | धनबहादुर (डिबी) खड्का | महासचिव |
| ५. | भाश्वर ओझा | सचिव |
| ६. | सलोजा दाहाल | सचिव (समावेशी) |
| ७. | ध्रुवकुमार तुलाधर | कोषाध्यक्ष |
| ८. | श्रीहरि थापा | सदस्य (खुल्ला) |
| ९. | सरोज ओझा | सदस्य (खुल्ला) |
| १०. | रविन्द्रप्रसाद सुवेदी | सदस्य (खुल्ला) |
| ११. | निरन्जन अधिकारी | सदस्य (खुल्ला) |
| १२. | रजेन्द्र केसी | सदस्य (खुल्ला) |
| १३. | पवित्रा मुडभरी | सदस्य (महिला) |
| १४. | मुना कार्की | सदस्य (महिला) |
| १५. | उमा विष्ट | सदस्य (महिला) |
| १६. | उद्धव रसाइली | सदस्य (दलित) |
| १७. | विजयरत्न तुलाधर | सदस्य (आदिवासी जनजाति) |
| १८. | उजला सिंह | सदस्य (आदिवासी जनजाति) |
| १९. | ईश्वर रौनियार | सदस्य (मधेशी) |
| २०. | गौरी नेपाली | सदस्य (अल्पसंख्यक) |

# एक वर्षमा प्रेस स्वतन्त्रता हनन्का ६२ घटना

एक वर्षमा प्रेस स्वतन्त्रता हनन्का घटनाहरूमा दुर्व्यवहार/धम्की, आक्रमण र गिरफ्तारीका घटना बढी भए । विशेषगरी संघीय र प्रदेश निर्वाचनको सेरोफेरोमा निर्वाचन सुरक्षालगायत विभिन्न बहानामा पत्रकारहरूलाई हिरासतमा लिइयो ।




**प्रदेशअनुसार घटना विवरण**

| घटना प्रकृति | प्रदेश नं १ | प्रदेश नं २ | प्रदेश नं ३ | प्रदेश नं ४ | प्रदेश नं ५ | कर्णाली प्रदेश | प्रदेश नं ७ | कुल घटना |
|---|---|---|---|---|---|---|---|---|
| हत्या | | | | | | | | |
| गिरफ्तारी | १ | | ६ | २ | ४ | १ | २ | १६ |
| बेपत्ता | | | १ | | | | | १ |
| कब्जा/अवरोध | | | ६ | | | | | ६ |
| आक्रमण | २ | | ३ | ३ | २ | ३ | ४ | १७ |
| लैङ्गिक हिंसा | | | | | | | | |
| दुर्व्यवहार/धम्की | | ५ | ८ | ४ | १ | | १ | १९ |
| विस्थापन | | | | | | | | |
| पेशागत असुरक्षा | | | | | | | | |
| नीतिगत बन्देज | | | ३ | | | | | ३ |
| **कुल घटना** | ३ | ५ | २७ | ९ | ७ | ४ | ७ | ६२ |

**नेपाल** पत्रकार महासंघले २०७४ साल वैशाख २१ गतेदेखि २०७५ साल वैशाख १७ गतेसम्म भएका प्रेस स्वतन्त्रता उल्लंघनका घटना सार्वजनिक गरेको छ। विश्व प्रेस स्वतन्त्रता दिवस मे ३ (वैशाख २० गते) का अवसरमा सार्वजनिक गरिएको प्रतिवेदनअनुसार एक वर्षमा प्रेस स्वतन्त्रता उल्लंघनसम्बन्धी ६२ वटा घटना भए।

महासंघको सञ्चार अनुगमन इकाईका अनुसार घटनामा ८७ जना पत्रकारहरू पीडित भएका थिए। जसमध्ये ८ जना पत्रकार महिला थिए।

एक वर्षमा प्रेस स्वतन्त्रता हनन्का घटनाहरूमा दुर्व्यवहार/धम्की, आक्रमण र गिरफ्तारीका घटना बढी भए। विशेषगरी संघीय र प्रदेश निर्वाचनको सेरोफेरोमा निर्वाचन सुरक्षालगायत विभिन्न बहानामा पत्रकारहरूलाई हिरासतमा लिइयो। कुनै पनि बहानामा पत्रकारहरू गिरफ्तार गरिनु प्रेस स्वतन्त्रता उल्लंघन हो भन्ने ठहरका साथ महासंघले यी पत्रकारहरूको रिहाइका लागि सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरण मुद्दा दायर गरेको थियो। त्यसलगत्तै गिरफ्तार गरिएका सबै पत्रकारहरूलाई रिहा गरिएको थियो।

एक वर्षमा प्रेस स्वतन्त्रता उल्लंघनका सबैभन्दा बढी घटनाहरू प्रदेश नं ३ मा भए भने सबैभन्दा कम प्रदेश नं १ मा भए। महासंघको सञ्चार अनुगमन इकाइको अभिलेखअनुसार प्रदेश नं ३ मा २७ वटा यस्ता घटना भएका थिए भने प्रदेश नं १ मा ३ वटा घटना भएका थिए। त्यसैगरी प्रदेश नं २ मा ५, प्रदेश नं ४ मा ९, प्रदेश नं ५ मा ७, कर्णाली प्रदेश (तत्कालीन प्रदेश नं ६) मा ४ र प्रदेश नं ७ मा ७ वटा घटना भए। यस वर्ष प्रेस स्वतन्त्रता हनन्का घटनाहरूमा मुख्यरूपमा राज्य पक्ष नै बढी संलग्न रहेको पाइयो।

# विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा प्रभातफेरी




विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा वैशाख २० गते नेपाल पत्रकार महासंघले काठमाडौंको बबरमहलबाट नयाँ बानेश्वरसम्म प्रभातफेरी आयोजना गर्‍यो ।

प्रभातफेरीपश्चात आयोजित कोणसभालाई सम्बोधन गर्दै महासंघका अध्यक्ष गोविन्द आचार्यले नेपालको संविधानमा पूर्ण प्रेस स्वतन्त्रता उल्लेख गरिएको भएता पनि त्यसलाई व्यवहारमा प्रत्याभूत गर्न नसकिएको बताउनु भयो । उहाँले भदौ महिनादेखि लागू हुने फौजदारी संहितामा समाचार लेखेकै आधारमा पत्रकारलाई सजाय गर्नसक्ने धेरै प्रावधान रहेको भन्दै त्यो प्रेस स्वतन्त्रताप्रति बाधक हुने धारणा व्यक्त गर्नुभयो ।

महासंघका निवर्तमान अध्यक्ष डा.महेन्द्र विष्टले विगतमा तुलनामा प्रेस स्वतन्त्रताको अवस्थामा निकै सुधार आएको भएता पनि प्रवृत्तिगत आधारमा भने चुनौती कायमै रहेको बताउनु भयो । उहाँले प्रेस स्वतन्त्राको अवस्था सुधार्न केही नीतिगत, कानुनी, संरचनागत र व्यावहारिक क्षेत्रमा काम गर्नुपर्ने खाँचो रहेको धारणा राख्नु भयो ।

त्यसैगरी महासंघका पूर्वअध्यक्ष तारानाथ दाहालले विश्वमा पत्रकारमाथि भैरहेको हत्या तथा आक्रमणको विरोध गर्दै त्यस्ता कुकृत्यको अन्त्य हुनुपर्ने धारणा राख्नु भयो । उहाँले प्रेस स्वतन्त्रताको रक्षा गर्नु लोकतान्त्रिक सरकारको दायित्व रहेको भन्दै पत्रकारिताका लागि उचित वातावरण निमार्ण गर्न सरकारलाई आग्रह गर्नुभयो ।

शक्तिको निगरानी, मिडिया, न्याय र विधिको शासनलाइ जोड दिदै युनेस्कोले यस वर्षको विश्व प्रेस स्वतन्त्रता दिवसको नारा दिएको छ ।

# पत्रकार महिलालाई बिदाइ




सगरमाथा आरोही पत्रकार महिला देउराली चाम्लिङ र रोशा बस्नेतलाई झण्डा हस्तान्तरण गर्दै महासंघका पदाधिकारीहरू ।

नेपाल पत्रकार महासंघले चैत्र २६ गते पत्रकार महिला डोमा शेर्पालाई सगरमाथा आरोहणको सफलताको शुभकामनासहित बिदाइ गर्‍यो ।

महासंघमा आयोजित कार्यक्रममा अध्यक्ष गोविन्द आचार्यले पत्रकार महिला शेर्पालाई सफलताको शुभकामना दिँदै सगरमाथा आरोहणमा सफल भए महासंघको गरिमा अझ बढ्ने बताउनुभयो । उहाँले महिला पत्रकारको सगरमाथा आरोहणले समाज रुपान्तरणमा सहयोग पुग्ने धारणा पनि व्यक्त गर्नुभयो ।

पत्रकार शेर्पाले महिला सशक्तीकरणका लागि आफू सगरमाथा आरोहणमा जान लागेको जानकारी दिँदै हिमाली क्षेत्रका सही सूचनालाई बाहिर ल्याउन आरोहणले सहयोग पुर्‍याउने धारणा व्यक्त गर्नुभयो । सगरमाथा आरोहणका क्रममा पत्रकार शेर्पा चैत्र २७ गते सोलुखुम्बु जिल्लाको लुक्ला जानु भएको थियो ।

यस्तै महासंघले वैशाख ४ गते सगरमाथा आरोहण गर्ने पत्रकार महिलालाई सफलताको शुभकामना दिँदै महासंघको लोगो अंकित झण्डा हस्तान्तरण गरेको छ ।

महासंघमा भएको कार्यक्रममा महासंघका अध्यक्ष गोविन्द आचार्यले महासंघको सदस्यले सगरमाथा आरोहण गर्नु सिंगो महासंघले आरोहण गर्नु सरह हो भन्दै सफल आरोहणको शुभकामना दिनुभयो । उहाँले महिला पत्रकारको सगरमाथा आरोहणले महिलाको साहसलाई विश्वमै उजागर गर्ने धारणा राख्नु भयो । महसंघका उपाध्यक्ष विपुल पोखरेलले पत्रकार महिलाको सफल आरोहणले नेपाली पत्रकारलाई नै सगरमाथा आरोहणको आभास दिलाउने धारणा व्यक्त गर्नुभयो ।

आरोहण गर्ने पत्रकार महिलाको तर्फबाट बोल्दै पत्रकार देउराली चाम्लिङले मे १५ देखि २८ भित्र सगरमाथा आरोहण गर्ने लक्ष्य रहेको बताउनु भयो । सगरमाथा आरोहणका क्रममा वैशाख ५ गते महिला पत्रकारहरू देउराली चाम्लिङ, कल्पना महर्जन, प्रियालक्ष्मी कार्की, रोजिता बुद्धाचार्य र रोशा बस्नेत सोलुखुम्बु जिल्लाको लुक्ला जाने कार्यक्रम रहेको छ । सगरमाथाको चुचुरोबाट नेपाल टेलिभिजनमा आरोहणको प्रत्यक्ष प्रसारण गर्ने कार्यक्रम रहेको पनि आरोहीहरूले बताएका छन् ।

# अन्तर्राष्ट्रिय पत्रकार महासंघको दक्षिण एसिया प्रतिवेदन सार्वजनिक




**अन्तर्राष्ट्रिय** पत्रकार महासंघको दक्षिण एसिया प्रतिवेदन सार्वजनिक भएको छ। विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा नेपाल पत्रकार महासंघ, फ्रिडम फोरम र युनेस्को काठमाडौं कार्यालयले आयोजना गरेको कार्यक्रममा सो प्रतिवेदन सार्वजनिक गरिएको हो।

प्रतिवेदनका अनुसार दक्षिण एसियामा एक वर्षमा २६४ प्रेस स्वतन्त्रता हनन्का घटना भएका छन्। नेपाल पत्रकार महासंघका परियोजना अधिकृत हिरण्य जोशीका अनुसार दक्षिण एसियामा राज्य र गैर राज्यपक्षबाट प्रेस स्वतन्त्रता हनन्का घटना भएका छन्। कार्यक्रममा नेपालमा भएका प्रेस स्वतन्त्रता हनन्का घटना पनि प्रस्तुत गरिएको थियो। कार्यक्रममा कामु प्रधानन्यायाधीश दीपकराज जोशीले सुसूचित हुन पाउने जनताको अधिकार रहेको भन्दै समाचारको निष्पक्षता तथा गम्भीर्यतामा ध्यान दिन पत्रकारलाई आग्रह गर्नु भयो।




प्रेस काउन्सिलका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठले प्रेस स्वतन्त्रताको सन्दर्भमा पत्रकारको सुरक्षाको कुरा गरिरहँदा पत्रकारबाट पीडित भैरहेको घटनाप्रति सबै सचेत हुनुपर्ने धारणा व्यक्त गर्नुभयो। उहाँले काउन्सिलमा पत्रकारबाट पीडित हुनेहरूको उजुरी दर्ता हुनेक्रम बढिरहेको भन्दै पत्रकारले पेशागत मर्यादालाई पालन गर्नुपर्ने बताउनुभयो।

महासंघका पूर्वअध्यक्ष तारानाथ दाहालले विश्व प्रेस स्वतन्त्रता दिवस पत्रकारहरूका लागि महत्वपूर्ण दिन रहेको भन्दै पत्रकारमाथिको दण्डहीनताको अन्त्य हुनुपर्ने बताउनु भयो। उहाँले पत्रकारितामा स्वनियन्त्रण कायम रहेसम्म प्रेस स्वतन्त्रता हुन नसक्ने धारणा व्यक्त गर्नुभयो। युनेस्कोका नेपाल प्रतिनिधि क्रिष्टियन म्यानहार्टले विश्वमै पत्रकारमाथि भैरहेका आक्रमण तथा दुर्व्यवहारको अन्त्य हुनुपर्ने धराणा राख्नु भयो।



कार्यक्रममा अमेरिकाममा क्रियाशील संस्था मदरल्याण्ड नेपालका अध्यक्ष अनिल पाण्डेले सगरमाथा आरोहणमा जाने साहासी ७ जना पत्रकार महिलाहरूलाई प्रदान गर्न १ लाख २० हजार रुपैयाँको चेक महासंघका अध्यक्ष गोविन्द आचार्यलाई हस्तान्तरण गर्नु भएको थियो।

# निगरानी आवश्यक : अध्यक्ष आचार्य

नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले प्रेस स्वतन्त्रतामैत्री कानुन बनाउन महासंघको केन्द्रदेखि जिल्लासम्मका सबै संयन्त्रहरूले निगरानी गर्न आवश्यक भएको बताउनु भएको छ ।

'केन्द्र, प्रदेश र स्थानीय सरकारले बनाउनु पर्ने सञ्चारसम्बन्धी ऐनहरू बन्ने क्रममै भएकाले यसलाई प्रेस स्वतन्त्रतामैत्री बनाउन नेपाल पत्रकार महासंघको केन्द्रदेखि जिल्लासम्मका सबै संयन्त्रहरूले कडा निगरानीसहित पहलकदमी बढाउनु पर्नेछ'-विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा अध्यक्ष आचार्यले दिनु भएको शुभकामना सन्देशमा उल्लेख छ ।

नेपालको संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रको मूल मर्म र भावनाअनुरूप नेपाली सञ्चार क्षेत्रको पुनर्संरचना अहिलेको प्रमुख आवश्यकता भएको भन्दै अध्यक्ष आचार्यले राष्ट्रिय आमसञ्चार नीति २०७३ लाई कार्यान्वयन गर्नुका साथै सोही नीतिअनुरूप सूचना तथा सञ्चारसम्बन्धी कानुनी र संरचनागत व्यवस्थाका लागि पनि नेपाल सरकार र सरोकारवाला पक्षलाई आग्रह गर्नु भएको छ ।



अध्यक्ष आचार्यले पत्रकार महासंघले अगाडि सार्दै आएका श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयन, पत्रकारको दक्षता अभिबृद्धिका लागि केन्द्र र प्रदेश स्तरमा आमसञ्चार प्रशिक्षण प्रतिष्ठानको स्थापना, सार्वजनिक सेवा प्रसारक संस्थाको स्थापना, आमसञ्चार प्राधिकरण, विज्ञापन परिषद् जस्ता निकायको स्थापना, प्रेस काउन्सिलको पुनर्संरचना, विदेशी टेलिभिजन च्यानलमा क्लीनफिड नीति लागू गर्ने व्यवस्था मिलाउन आग्रह गर्नु भएको छ ।

यस्तै उहाँले समानुपातिक विज्ञापन नीतिको कार्यान्वयन, पत्रकारका लागि दुर्घटना तथा स्वास्थ्य बीमा, जेष्ठ तथा अशक्त पत्रकारलाई जीवन निर्वाह भत्ताको व्यवस्था एवं आमसञ्चार विकास कोषको स्थापनालगायतका माग पूरा गर्न सरकार सहित सम्बन्धित निकायहरूमा पुन: ध्यानाकर्षण गराउनु भएको छ ।

'प्रेस स्वतन्त्रता प्रेसको मात्र मुद्दा हैन, यो समग्र समाज र लोकतान्त्रिक प्रणालीको अभिन्न विषय हो । नेपालमा संवैधानिक दृष्टिले पहिलेभन्दा तुलनात्मकरूपमा अहिले प्रेस स्वतन्त्रताको संरक्षण गरिए पनि व्यवहारमा त्यसअनुरूप वातावरण बन्न सकेको छैन । एकातिर प्रेस आफैं पनि मर्यादित हुन जरूरी छ भने राज्यले पनि स्वनियमको माध्यमबाट यसलाई संरक्षण, सम्वर्धन एवं विकासका निम्ति नीतिगत, कानुनी र संरचनागत क्षेत्रमा थुप्रै काम गर्न बाँकी छ'-शुभकामना सन्देशमा उल्लेख गरिएको छ ।

# दलित समुदायका पत्रकारका समस्याबारे छलफल



नेपाल पत्रकार महासंघ दलित समितिले चैत ३० गते नयाँ वर्षको शुभकामना आदानप्रदानसंगै दलित समुदायका पत्रकारका समस्यामा छलफल तथा सुझाव संकलन कार्यक्रम गरेको छ ।

केन्द्रीय सदस्य एवं दलित समिति संयोजक मधु शाहीले नयाँ वर्ष २०७५ सालको शुभकामना दिँदै दलित पत्रकारका समस्यामा छलफल तथा सुझाव संकलन गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको बताउनु भयो ।

कार्यक्रममा महासंघका सचिव रेम विश्वकर्माले अझै पनि समाजमा दलित समुदायलाई हेर्ने दृष्टिकोण अलग रहेको भन्दै त्यसको निराकरणका लागि दलित पत्रकारले उल्लेख्य भूमिका खेल्नुपर्ने धारणा राख्नु भयो ।

महासंघका पूर्वकेन्द्रीय सदस्य प्रकाशचन्द्र परियारले संविधानमा सुरक्षित ३३ प्रतिशत आरक्षणमा दलित समुदायको उपस्थितिबारे खोज्न आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो । उहाँले जनतामा चेतना ल्याउने विषयवस्तुलाई सञ्चारमाध्यममा स्थान दिनुपर्नेमा जोड दिनुभयो । लेखक तथा पत्रकार जेवी विश्वकर्माले दलित पत्रकारको तथ्याङ्क संकलन गरी क्षमता अभिवृद्धि तथा पेशागत सुरक्षाका लागि महासंघले पहल गर्नुपर्ने विचार राख्नुभयो ।

कार्यक्रममा पत्रकारहरू केशव भूल, श्याम रोक्का, लक्ष्मी परियार, मिलन विश्वकर्मा, कर्णसिंह बिसीलगायतले महासंघलाई सुझाव दिनु भएको थियो ।

# 'प्रेसभन्दा सरकारमाथि रहन सक्दैन'




नेपाल पत्रकार महासंघले २०७४ चैत ७ गते नवनियुक्त सञ्चार तथा सूचना प्रविधि राज्यमन्त्री गोकुलप्रसाद बाँस्कोटालाई पूर्ण कार्यकालका लागि सफलताको शुभकामना व्यक्त ग¥यो ।

महासंघमा आयोजित बधाई तथा शुभकामना कार्यक्रममा सञ्चार राज्यमन्त्री बाँस्कोटाले सञ्चारजगत् लोकतन्त्रको पहरेदार रहेकाले प्रेसभन्दा माथि सरकार हुन नसक्ने बताउनुभयो । उहाँले आमसञ्चार नीतिको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालाहरूसँग छलफल गरी अघि बढ्ने धारणा व्यक्त गर्नुभयो ।

राज्यमन्त्री बाँस्कोटाले पत्रकारको न्यूनतम पारिश्रमिकलाई समयानुकूल बनाउन सरकार प्रतिवद्ध रहेको बताउनुभयो । उहाँले प्रेस स्वतन्त्रता अक्षुण्ण रहने स्पष्ट पार्दै मर्यादाभित्र रहन पत्रकारिता क्षेत्रलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा महासंघका अध्यक्ष गोविन्द आचार्यले श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयन गर्न, समानुपातिक विज्ञापन नीति लागू गर्न र महासंघको परिचयपत्रबाट सिंहदरबार प्रवेशको व्यवस्था गर्नका लागि राज्यमन्त्री बाँस्कोटाको ध्यानाकर्षण गराउनु भयो । महासंघका निवर्तमान अध्यक्ष डा.महेन्द्र विष्टले अझै पनि स्वनियन्त्रणको खतरा रहेको भन्दै त्यस्ता खालका नियम कानुनलाई परिमार्जन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।



कार्यक्रममा महासंघका उपाध्यक्ष विपुल पोखेलले समाचार लेखेकै कारण पत्रकारले अझै पनि धम्की तथा आक्रमण जस्ता घटनाको सामना गर्नुपरेको भन्दै त्यसतर्फ ध्यान दिन राज्यमन्त्री बाँस्कोटालाई आग्रह गर्नुभयो ।

नेपाल प्रेस यूनियनका महासचिव अजयबाबु सिवाकोटीले सरकारका गतिविधि जनताको पक्षमा हुनुपर्ने भन्दै त्यसका लागि सिंगो पत्रकारिता जगत्को सहयोग हुने बताउनुभयो भने प्रेस चौतारी नेपालका वरिष्ठ उपाध्यक्ष माधव नेपालले मुलुकमा शक्तिशाली सरकार रहेकाले पत्रकारका समस्या समाधान गर्नका लागि उपयुक्त अवसर रहेको बताउनु भयो । कार्यक्रममा प्रेस सेन्टर नेपालका अध्यक्ष महेश्वर दाहालले सबैखाले सञ्चारमाध्यमको हितमा नीति निर्माण गर्न राज्मन्त्रीलाई आग्रह गर्नु भएको थियो ।

## कर्णाली प्रदेश समितिद्वारा घोषणापत्र जारी

नेपाल पत्रकार महासंघ कर्णाली प्रदेश समितिले १० बुँदे घोषणापत्र जारी गरेको छ । वैशाख २७ गते सल्यानको खैराबाङमा बसेको महासंघको प्रदेश समितिको बैठकले घोषणा पत्र जारी गरेको हो ।

घोषणापत्रमा प्रेसको अधिकारलाई कानुनी, नीतिगत र व्यवहारिक रुपमा सुरक्षित गरी प्रेसको व्यापक भूमिका सुनिश्चित गराउन, प्रेस स्वतन्त्रताको संरक्षण, सम्मान र स्वतन्त्र रुपमा उपभोग गर्न पाउने वातावरण सिर्जना गर्न, अब बन्ने सबै नीति, कानुन तथा ऐनलाई मिडिया मैत्री बनाउन माग गरिएको छ । यस्तै समानुपातिक विज्ञापन नीति यथाशीघ्र कार्यान्वयन गर्न, कर्णाली प्रदेशको भवन तथा यस अन्तर्गतका नेपाल पत्रकार महासंघका जिल्ला शाखा र प्रदेश कार्यसमितिको भवन निर्माणका लागि स्रोत उपलब्ध गराउन, कर्णाली प्रदेशमा आम सञ्चार प्रतिष्ठान स्थापनाका लागि बजेटको व्यवस्था गर्न प्रदेश सरकारलाई आग्रह गरिएको छ ।

घोषणापत्रमा महासंघको सदस्यता शुद्धिकरण र यसको संस्थागत विकासका बारेमा विभिन्न सरोकारवालाहरूले उठाइरहेका कुराहरूलाई मनन गर्दै त्यस क्षेत्रमा देखिने गरी काम गर्ने लगायतका प्रतिवद्धता जाहेर गरिएको छ ।

# पत्रकार महासंघको ६३औं स्थापना दिवसका अवसरमा अन्तर्क्रिया




नेपाल पत्रकार महासंघले २०७४ साल चैत १६ गते ६३ औं स्थापना दिवसका अवसरमा प्रेस स्वतन्त्रता र पत्रकारको सुरक्षा विषयमा अन्तर्क्रिया कार्यक्रम आयोजना ग-यो ।

नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा सर्वोच्च अदालतका कामु प्रधानन्यायाधीश दिपकराज जोशीले प्रेस र न्यायालय दुवैको लोकतन्त्रमा अर्थपूर्ण भूमिका रहने भन्दै आ-आफ्नो क्षेत्रमा जिम्मेवार हुनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

राष्ट्रिय मानव अधिकार आयोगका प्रवक्ता मोहना ओन्सारीले महासंघ मानवअधिकारको जीवित् योद्धा रहेको बताउँदै प्रेस स्वतन्त्रतासम्बन्धी महासंघले निर्वाह गरेको भूमिकाको प्रशंसा गर्नुभयो । मानव अधिकारमा आउने चुनौतीमा पत्रकारसमेत पर्ने हुँदा एक्काइसौं शताब्दीमा प्रेस स्वतन्त्रतालाई कसैले नियन्त्रण गर्न नसक्ने बताउनुभयो ।

कार्यक्रममा नेकपा एमालेका प्रचार विभाग प्रमुख योगेश भट्टराइले प्रेसले कमजोर वर्गको पक्षमा पनि बोल्नुपर्छ भन्दै सरकारको स्वस्थ्य आलोचना गर्न पत्रकारलाई आग्रह गर्नुभयो । उहाँले संविधानको धारा १९ ले सञ्चारको हकको मात्रै प्रत्याभूत गरेको मात्र नभै त्यसले सञ्चार जगत्लाई गलत मार्गमा जानबाट रोकेको विचार व्यक्त गर्नुभयो ।

नेपाली कांग्रेसका नेता डा. प्रकाश शरण महतले कांग्रेस अभिव्यक्ति स्वतन्त्रताको पक्षमा रहेको भन्दै प्रेस स्वतन्त्रतालाई अभिन्न अंगका रूपमा लिएको बताउनु भयो । उहाँले प्रेसको सन्तुलन कायमा राख्न राजनीतिक लगानीबाट टाढा राख्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

एकीकृत नेकपा माओवादी केन्द्रका प्रवक्ता पम्फा भुसालले संविधानको अधिनमा रहेर संघ, प्रदेश र स्थानीय तहमा ऐन-कानुन निर्माण गर्ने क्रममा रहेको भन्दै प्रेस स्वतन्त्रता संकुचन हुने कानुन निर्माण गर्न नहुने धारणा व्यक्त गर्दै सत्यतथ्यमा जोड दिन पत्रकारलाई आग्रह गर्नुभयो ।

राष्ट्रिय जनता पार्टीका नेता केशव झाले निष्पक्ष भूमिका निर्वाह गर्न पत्रकारलाई आग्रह गर्नु भयो ।

महासंघका अध्यक्ष गोविन्द आचार्यले प्रेस स्वतन्त्रता पत्रकारको अधिकार मात्रै नभएर त्यो जनताको अभिव्यक्ति स्वतन्त्रतासँग जोडिएका कारण महासंघ त्यसको पक्षमा दृढताका साथ अघि बढ्ने बताउनुभयो । उहाँले पत्रकारिता क्षेत्रमा संकट आइपर्दा न्यायका लागि जाने एक मात्र ठाउँ अदालत रहेको भन्दै प्रेस स्वतन्त्रतामा न्यायालयको साथ हुनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

महासंघका निवर्तमान अध्यक्ष डा.महेन्द्र विष्टले अदालतको अवहेलनाका नाममा प्रेसलाई संकुचन गर्न नहुने बताउनु भयो भने प्रेस काउन्सिलका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठले आचारसंहिताका नाममा प्रेस स्वतन्त्रतालाई प्रेस काउन्सिलले नियन्त्रण नगर्ने धारणा व्यक्त गर्नुभयो । ☯

## पत्रकार महासंघ र नेपाल एफएमबीच ४ बुँदे सहमति

नेपाल पत्रकार महासंघ र नेपाल एफएमबीच वैशाख १९ गते ४ बुँदे सहमति भएको छ ।

सहमति पत्रमा श्रमजीवी पत्रकार ऐन २०५१ को पूर्ण कार्यान्वयन गर्ने, बाँकी रहेको पत्रकार तथा कर्मचारीहरूको तलब दुई हप्ताभित्र दिनेलगायत छ । प्रतिष्ठान छोडेका तर सेवासुविधा लिन बाँकी पत्रकारलाई एक महिनाभित्र दिने सहमति पनि भएको छ ।

नेपाल एफएममा कार्यरत कर्मचारीहरूको सेवासुविधा लामो समयदेखि रोकिएको विरोधमा नेपाल पत्रकार महासंघ केन्द्रको नेतृत्वमा वैशाख १८ गते प्रतिष्ठानमा कालो व्यानर टाँसिएको थियो । ☯



सहमति पत्र

आज मिति २०७५ साल बैशाख १९ गते नेपाल पत्रकार महासंघ र नेप्वो एफएम प्रा.लि. (नेपाल एफएम)बीच निम्नानुसार सहमति भयो ।

१) नेपाल एफएममा कार्यरत श्रमजीवि पत्रकार/कर्मचारीको बाँकी तलव दुई हप्ताभित्रै प्रदान गर्ने ।

२) नेपाल एफएम छाडेका तर तलब, सञ्चय कोषलगायत सुविधा प्राप्त गर्न बाँकी पत्रकार/कर्मचारीलाई एक महिना भित्र सबै बक्यौता भुक्तानी गरिसक्ने ।

३) श्रमजीवि पत्रकार ऐन, २०५१ मा व्यवस्थित सेवा, शर्त, सुविधा, स्थायी नियुक्ति, उपदानलगायतका बिषयमा व्यवस्थापन पक्ष गम्भीर भई तत्काल कार्य प्रारम्भ गर्ने ।

४) माथि उल्लेखित सबै समस्याको समाधान कम्तिमा एक महिना भित्रै टुङ्गो लगाउने ।

| | |
|---|---|
| महासचिव | कार्यकारी निर्देशक |
| रमेश बिष्ट | विष्णुहरि ढकाल |
| नेपाल पत्रकार महासंघ | नेपाल एफएम |

# पूर्वअध्यक्षहरू सम्मानित

नेपाल पत्रकार महासंघले पूर्वअध्यक्षहरूलाई सम्मान गरेको छ। महासंघको ६३औं स्थापना दिवसको अवसरमा चैत १६ गते केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा पूर्वअध्यक्षहरूलाई सम्मान गरिएको हो।

कार्यक्रममा पूर्वअध्यक्षहरू होमनाथ दाहाल, हरिहर विरही, किशोर नेपाल, डा. सुरेश आचार्य, तारानाथ दाहाल, धर्मेन्द्र झा, विष्णु निष्ठुरी, शिव गाउँले र डा. महेन्द्र विष्टलाई सम्मान गरिएको थियो।

कार्यक्रममा प्रतिनिधिसभाका सभामुख कृष्णबहादुर महराले सम्मानित पूर्वअध्यक्षहरूलाई बधाई दिँदै संघीय लोकतन्त्रको रक्षा र सही प्रयोगमा पत्रकारको दायित्व हुने बताउनुभयो। उहाँले प्राप्त उपलब्धिहरूलाई कार्यान्वयन गर्दै समृद्ध राष्ट्र निर्माणमा लाग्न पत्रकारलाई आग्रह गर्नुभयो।

महासंघका अध्यक्ष गोविन्द आचार्यले आफ्नो क्षेत्रबाट अग्रणी भूमिका निर्वाह गरेको भन्दै पूर्वअध्यक्षहरूको प्रशंसा गर्नुभयो। उहाँले पत्रकारितामा अवसर र समस्याहरू रहेको भन्दै समस्या समाधानका लागि महासंघ सधैं क्रियाशील रहने बताउनुभयो।

महासंघका पूर्वअध्यक्ष हरिहर विरहीले प्रेस स्वतन्त्रतासम्बन्धी संविधानमा भएका व्यवस्थालाई कार्यान्वयनमा ल्याउन सक्रिय र संगठित भएर लाग्न पत्रकारलाई आग्रह गर्दै पत्रकारको क्षमता अभिवृद्धि तथा पत्रकारको आचरण सुधारमा महासंघले ध्यान दिनुपर्ने धारणा व्यक्त गर्नु भएको थियो। कार्यक्रममा महासंघद्वारा प्रकाशित पत्रकारिताको लोकार्पण गरिएको थियो। स्थापना दिवसका अवसरमा महासंघले चियापान कार्यक्रम पनि आयोजना गरेको थियो।







## बालसंवेदनशील पुरस्कारका लागि दर्खास्त दिने अवधि थप गरिएको सूचना

नेपाल पत्रकार महासंघ र केन्द्रीय बालकल्याण समितिको सहकार्यमा यस वर्ष प्रदान गरिने बालसंवेदनशील राष्ट्रिय पत्रकारिता पुरस्कारका लागि दर्खास्त दिने अन्तिम मिति यस अघि वैशाख ३० गतेसम्म तोकिएकोमा सो अवधि थप गरी २०७५ साल जेठ १५ गते सम्म कायम गरिएको सम्बन्धित सबैमा जानकारी गराइन्छ।

यसबारे थप जानकारी नेपाल पत्रकार महासंघको बेवसाइट www.fnjnepal.org लिन सक्नुहुनेछ।

# रारा घोषणापत्र जारी




**नेपाल** पत्रकार महासंघ कर्णाली प्रदेशका जिल्ला अध्यक्षहरूको भेला २०७५ वैशाख १ गते मुगुको रारामा सम्पन्न भयो। भेलाले रारा घोषणापत्र जारी गरेको छ। केन्द्रीय सदस्य कलेन्द्र सेजुवालको सभापतित्वमा भएको भेलामा प्रमुख अतिथि महासंघका महासचिव रमेश विष्ट हुनुहुन्थ्यो। भेलामा केन्द्रीय सदस्यद्वय पूर्णप्रसाद चौलागाईं र गोविन्द चौलागाईंका साथै प्रेस काउन्सिल नेपालका सदस्य ईश्वरी ओझा, मुख्य अधिकृत झविन्द्र भुसाल, कर्णाली प्रदेशका मुख्यमन्त्रीका प्रेस सल्लाहकार ध्रुव बुढाथोकी र प्रदेशअन्तर्गत जिल्ला अध्यक्षको सहभागिता रहेको थियो। भेलाद्वारा जारी घोषणापत्र यस प्रकार छ :

१) देश संघीयतामा गइसकेको अवस्थामा अब बन्ने सरकारी सञ्चार नीति पत्रकार तथा मिडियामैत्री बनाउन यो भेला माग गर्दछ।

२) श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक कार्यान्वयनमा यो भेला विशेष जोड दिन्छ। साथै, कर्णालीका साथै साना लगानीका मिडियाको प्रवर्द्धनको लागि समानुपातिक विज्ञापन नीति कार्यान्वयन गर्न माग गर्दछ।

३) कर्णाली प्रदेशका पत्रकार र मिडियाको लागि सरकारले दिने उपकरण अनुदान बढाउन र कर छुट गर्न माग गर्दछ। यसका साथै कर्णालीका पत्रकार महासंघका भवन निर्माणमा आर्थिक सहयोग गर्न केन्द्र र प्रदेश सरकारसँग माग गर्दछ।

४) यो भेला पत्रकार आचारसंहिता कार्यान्वयनका साथै पत्रकार महासंघका सदस्यता शुद्धीकरणलाई प्रभावकारी रूपमा लग्ने प्रण गर्दछ।

५) प्रदेश स्तरमा सञ्चार सम्वद्ध निकाय स्थापना गर्न यो भेला प्रदेश सरकारसँग माग गर्दछ।

६) कर्णाली प्रदेश सरकारले घोषणा गरेको 'कर्णाली-रारा पर्यटन वर्ष अभियान' लाई सफल बनाउन पत्रकार महासंघको तर्फबाट सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछ।

७) रारालगायत कर्णाली प्रदेशका प्रमुख पर्यटकीय स्थलको विकासको लागि ठोस योजना बनाउन सम्बन्धित पक्षलाई आग्रह गर्दछ।

# पत्रकार महासंघ र हिमालय टिभीबीच सहमति

**नेपाल** पत्रकार महासंघ र हिमालय टेलिभिजनबीच सहमति भएको छ। महासंघले थप विरोधका कार्यक्रम सार्वजनिक गरेपछि वैशाख ६ गते महासंघ र हिमालयन टेलिभिजनबीच ३ बुँदे सहमतिमा हस्ताक्षर भएको हो।

सहमतिपत्रमा २४० दिन कार्यरत पत्रकारलाई स्थायी नियुक्तिपत्र प्रदान गर्ने र सञ्चयकोष उपलब्ध गराउने, जिम्मेवारीबाट निकालिएको पत्रकार तथा कामदारलाई ससम्मान पूर्ववत् जिम्मेवारीमा फर्काउने तथा सहमति कार्यान्वयन नभएमा महासंघले व्यवस्थापन पक्षसँग वार्ता, सवाद गरी आवश्यक कदम अगाडि बढाइने सहमति भएको छ।



आज मिति २०७५ साल वैशाख ६ गते बिहिबार हिमालय टेलिभिजनमा कार्यरत श्रमजीवी पत्रकार/कर्मचारीको हकहित र सेवा शर्त सुविधा सम्बन्धमा नेपाल पत्रकार महासंघ र हिमालय टेलिभिजन प्रा.लिबीच निम्नानुसार सहमति भयो।

१. श्रमजीवी पत्रकार ऐन- २०५१, नियमावली-२०६४ मा भएको व्यवस्था बमोजिम स्थायी, तहगत वर्गीकरण अनुसारको पारिश्रमिक, बिदा, उपदान, संचयकोषलगायतका सेवा शर्त तत्काल उपलब्ध गराउन व्यवस्थापन पक्ष प्रतिवद्ध रहँदै २०७५ जेठमहिनाभित्रै २४० दिन काम गरिसकेकाहरुलाई स्थायी नियुक्ति प्रदान गर्ने र साउन १ गतेदेखि संचयकोष उपलब्ध गराउने सहमति भयो।

२. पत्रकार सन्ध्या केसी (विमला)लाई सेवामा निरन्तरता दिइसकेको सन्दर्भमा पूर्ववत जिम्मेवारी दिई पाउनुपर्ने पारिश्रमिक तथा सेवा सुविधा दिने विषयमा व्यवस्थापन पक्ष सहमत छ। यो बुँदा कार्यान्वयन भएपछि श्रम कार्यालयमा रहेको प्रक्रिया स्वतः निष्कृय हुनेछ।

३. उल्लेखित सहमति कार्यान्वयन नभएको पाइएमा नेपाल पत्रकार महासंघ पुनः व्यवस्थापन पक्षसंग वार्ता, संवाद गरी आवश्यक कदम अगाडि बढाइनेछ।

नेपाल पत्रकार महासंघको तर्फबाट
१. रमेश विष्ट (महासचिव)

HIMALAYA
व्यवस्थापन पक्षबाट
१) ब्याड अग्रवाल (कार्यकारी निर्देशक)
Agrawal

यसअघि महासंघले वैशाख ५ गते हिमालय टेलिभिजनमा विरोध कार्यक्रम गरेको थियो। विरोध कार्यक्रममा महासंघका महासचिव रमेश विष्टले व्यवस्थापनले समयमै माग सुनुवाइ नगरे महासंघ कडा आन्दोलनमा उत्रन बाध्य हुने धारणा राख्नु भएको थियो।

कार्यक्रममा महासंघका सचिव एवं श्रमजीवी हित प्रवर्द्धन समितिका संयोजक रामप्रसाद दाहालले हेरौ तालाबन्दीमै पुग्ने स्थिति आउँछ कि आउदैन ? भन्नु भएको थियो। महासंघले यसअघि पटकपटक पत्राचार गर्दै श्रमजीवी पत्रकार ऐन पूर्णरूपमा कार्यान्वयन गर्न, राजपत्रमा प्रकाशित भएअनुरूप पारिश्रमिक उपलब्ध गराउन, सबै कर्मचारी पत्रकारहरूलाई नियमअनुसार स्थायी/अस्थायी नियुक्तिपत्र उपलब्ध गराउन र पत्रकार सन्ध्या केसीलाई स-सम्मान काममा लगाउन दबाब दिँदै आएको थियो।

# न्यूनतम पारिश्रमिकसम्बन्धी ध्यानाकर्षण



नेपाल पत्रकार महासंघको श्रमजीवी हित प्रवर्द्धन समितिले वैशाख १४ गते शुक्रबार प्रेस रजिष्ट्रार बालकृष्ण घिमिरेलाई श्रमजीवी पत्रकारका सेवा, सर्त, सुविधा र न्यूनतम पारिश्रमिकको कार्यान्वयन सम्बन्धमा ध्यानाकर्षण पत्र बुझाएको छ।

महासंघले २०७४ साल असोज १० गते दर्ता गरेको ध्यानाकर्षण पत्रको कार्यान्वयनको प्रगति तथा हुन बाँकी काम कारबाहीको विषयमा प्रेस राजिष्ट्रारको कार्यालय रहेको सूचना विभागको नागरिक बडापत्रको बुँदा नं १० बमोजिम ३० दिनभित्र उजुरीको किनारा लगाइसक्नु पर्ने भए पनि त्यसको प्रगतिबारे जानकारी प्राप्त नभएको भन्दै समितिले प्रेस रजिष्ट्रार बालकृष्ण घिमिरेको पुन: ध्यानाकृष्ट गराएको हो।

ध्यानाकर्ष पत्रमा महासंघको माग बमोजिम तत्काल कारबाही गरी जानकारी प्राप्त नभएमा प्रेस रजिष्ट्रार विरुद्ध दबाबका कार्यक्रमा सञ्चालन गर्न बाध्य हुने जनाएको छ।

समितिका संयोजक रामप्रसाद दाहालको नेतृत्वमा गएको प्रतिनिधि मण्डलमा महासंघका केन्द्रीय सदस्य तथा समितिका सदस्यहरू यम बिरही, टेकराज थामी र टिकाराम प्रधान हुनुहुन्थ्यो।

# मिडियामैत्री कानुन निर्माण गर्न पत्रकारहरूको सहकार्य आवश्यक : मुख्यमन्त्री भट्ट



प्रदेश नम्बर ७ का मुख्यमन्त्री त्रिलोचन भट्टले मिडियामैत्री कानुन निर्माण बनाउन आफूले मुख्य भूमिका निर्वाह गर्ने बताउनु भएको छ।

विश्व प्रेस स्वतन्त्रता दिवसको अवसर कैलालीमा आयोजित फ्री मिडया नेटवर्कको कार्यक्रममा मुख्यमन्त्री भट्टले प्रदेश ७ मा मिडियामैत्री कानुन भएमात्र पत्रकारको पेशागत सुरक्षा, भौतिक सुरक्षा लगायतका विषयमा सुनिश्चितता हुने बताउनुभयो। उहाँले मिडियामैत्री कानुन निर्माण गर्ने र त्यसका लागि रचनात्मक सहयोग गर्न पत्रकारलाई आग्रह गर्नुभयो।

उहाँले आर्थिक समृद्धिलाई अगाडि बढाउन र संघीय संरचनालाई कार्यान्वयन गर्न प्रेस जगत्‌को सकारात्मक भूमिका हुनुपर्ने धारणा व्यक्त गर्नुभयो।

कार्यक्रममा बरिष्ठ पत्रकार तथा अनुमोदन दैनिकका सम्पादक मनमोहन स्वाँरले प्रेस स्वतन्त्रता जबसम्म हुँदैन, तबसम्म सत्यतथ्य समाचार बाहिर आउन नसक्ने धारणा व्यक्त गर्नुभयो। उहाँले प्रेस स्वतन्त्रता पत्रकारहरूको अधिकार भएकोले अधिकार सुनिश्चित गर्न सरकारले आवश्यक भूमिका खेल्नुपर्ने बताउनुभयो।

बीबीसी नेपाली सेवाका उमिद बागचन्दले पत्रकारिता क्षेत्रमा देखिएका विकृति, विसंगति हटाउन पत्रकार स्वयं लाग्नुपर्ने बताउनुभयो। उहाँले पत्रकारहरूको क्षमता अभिवृद्धि, पत्रकारिता क्षेत्रका विकासका लागि आवश्यक नीति तथा कार्यक्रम ल्याउन प्रदेश सरकारलाई सुझाव दिनुभयो।

धनगढी पोष्टका सम्पादक कर्ण शाहले पत्रकारहरूको व्यावसायिक, भौतिक र सामाजिक सुरक्षा प्रदेश सरकारले सम्बोधन गर्नुपर्ने बताउनुभयो। उहाँले स्थानीय मिडियालाई सशक्त र सक्षम बनाउन विज्ञापन प्रकाशन र प्रसारणसम्बन्धी नीति ल्याउनुपर्ने धारणा व्यक्त गर्नुभयो।

नेपाल पत्रकार महासंघको ६३ औं स्थापना दिवस र विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा सुनसरी, पर्सा, रुपन्देही र बाँकेमा पनि फ्री मिडिया नेटवर्कका कार्यक्रम भएका थिए।

# न्यायपालिका र प्रेसको सम्बन्ध

**नेपालमा** लोकतन्त्रको स्थापना र संस्थागत विकासमा ऐतिहासिक कालखण्डदेखि नै अतुलनीय योगदान गर्दै आएको सञ्चार क्षेत्रको व्यावसायिकताका लागि स्थापित नेपाल पत्रकार महासंघले स्थापनाको ६२ वर्ष पूरा गरी आज ६३औं वर्षमा प्रवेश गरेको अवसर लोकतान्त्रिक व्यवस्थामा प्रतिवद्ध हामी सबैका लागि गौरवको दिन पनि हो। यस विशेष अवसरमा महासंघ, यसका पदाधिकारी तथा आवद्ध समस्त पत्रकारहरूले नेपालमा लोकतन्त्र, विधिको शासन, मानवअधिकार र सुशासनको प्रत्याभूतिका लागि हालसम्म निर्वाह गर्नुभएको सबै सकारात्मक भूमिकाको उच्च मूल्याङ्कन र कदर गर्न चाहन्छु। साथै, सञ्चार क्षेत्रको समग्र समुन्नति एवं व्यावसायिक तथा संस्थागत विकासको कार्यमा आगामी दिनमा पनि थप प्रभावकारिताका साथ अग्रसर रहन आजको दिनले समस्त सञ्चारकर्मीहरूलाई उत्प्रेरणा र हौसला प्रदान गरिरहोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु।

नेपाल पत्रकार महासंघको यस विशेष समारोहमा उपस्थित हुँदै गर्दा मलाई आजको दिन विशेषले जुराएको संयोगले प्रफूल्लित तुल्याएको छ। यस विशेष अवसरमा यहाँहरूलाई सम्बोधन गरिरहँदा मलाई यहाँ पनि सञ्चारमाध्यमसँग सम्बन्धित केही प्रसङ्गका बारेमा बोल्न मन लागेको छ। मैले यसअघि पनि भनेको थिएँ-केही समय साहित्यिक पत्रकारिता र त्यस्तो संस्थासँगको मेरो अनुभव पनि रहेको थियो। यस अर्थमा मेरो आफ्नो निकटता र सानिध्यता



दीपकराज जोशी
कामु प्रधानन्यायाधीश

न्यायपालिका र सञ्चारमाध्यम नागरिक अधिकारको रक्षा, लोकतन्त्रको संस्थागत विकास र देशमा विधिको शासनको स्थापनार्थ अहोरात्र खटिने निकाय हुन् । हाम्रो कार्यशैली फरक भए तापनि न्यायपूर्ण समाज निर्माणको लक्ष्यमा हामी समान हुन सक्छौं। यीमध्ये कुनै पनि एक संस्थाको अस्तित्वलाई स्वीकार गर्न चुक्यौं भने अर्को निकायको अस्तित्व पनि सङ्कटमा पर्ने भय रहन्छ ।

पत्रकारितासँग पनि रहेकाले मलाई व्यक्तिगत रूपमा भावनात्मक घनिष्ठता भएको महशुस हुन्छ। यस कारण, सञ्चारमाध्यमको वृहत्तर विकास भएको अवस्था मलाई व्यक्तिगत रूपमा हर्षको विषय हुनेछ।

न्यायपालिका र सञ्चारमाध्यम यी दुवै नागरिक अधिकारको रक्षा, लोकतन्त्रको संस्थागत विकास र देशमा विधिको शासनको स्थापनार्थ अहोरात्र खटिने निकाय हुन्। यस अर्थमा - हाम्रो कार्यशैली फरक भए तापनि न्यायपूर्ण समाज निर्माणको लक्ष्यमा हामी समान हुन सक्छौं। यस कारण हाम्रो रचनात्मक सम्बन्ध र एक अर्काप्रतिको सकारात्मक दृष्टिकोण महत्वपूर्ण हुन्छ। यीमध्ये कुनै पनि एक संस्थाको अस्तित्वलाई स्वीकार गर्न चुक्यौं भने अर्को निकायको अस्तित्व पनि सङ्कटमा पर्ने भय रहन्छ। दुवै संस्थाको समान उपस्थिति र संविधान सम्मत् सक्रियता लोकतन्त्रमा अपरिहार्य छ। तसर्थ, सञ्चारमाध्यम र न्यायपालिका दुवैको अर्थपूर्ण भूमिका रहनुपर्नेमा विशेष जोड दिन चाहन्छु र यस उद्देश्यमा म व्यक्तिगत रूपमा प्रतिवद्ध पनि छु। साथै, यस महान् लक्ष्यमा यहाँहरूलाई पनि सकारात्मक रूपमा सक्रिय रहिदिनुहुन हार्दिक अनुरोध गर्न चाहन्छु।

*(नेपाल पत्रकार महासंघको ६३औं स्थापना दिवसका अवसरमा २०७४ साल चैत्र १६ गते महासंघमा आयोजित कार्यक्रममा सर्वोच्च अदालतका कामु प्रधानन्यायाधीश जोशीले व्यक्त गर्नु भएको धारणाको सम्पादित अंश)।*

# महासंघका गतिविधि



नेपाल पत्रकार महासंघद्वारा वैशाख १४ गते आयोजित टुलकिट्स सम्बन्धी सम्पादकहरूसँगको छलफल कार्यक्रम ।

नेपाल पत्रकार महासंघद्वारा वैशाख १६ गते आयोजित मिडिया कानुनसम्बन्धी पत्रकारका पेशागत संगठनहरूसँग छलफल कार्यक्रम ।





अफगानिस्तानमा बम विस्फोटमा परी मारिएका पत्रकारहरूको सम्झनामा नेपाल पत्रकार महसंघ र फोटो जर्नलिष्टि क्लवद्वारा वैशाख १९ गते माइतीघरमा आयोजित दीप प्रज्वलन कार्यक्रम ।



नेपाल पत्रकार महासंघ प्रदेश समिति निर्वाचनको तयारी गरिदै ।

निर्वाचनका क्रममा उम्मेदवार र मतदाताहरू ।





नेपाल पत्रकार महासंघ उपत्यका प्रदेशको निर्वाचनका क्रममा केन्द्रीय र जिल्ला निर्वाचन समितिका पदाधिकारी ।



निर्वाचनलाई व्यवस्थित गर्ने क्रममा सुरक्षाकर्मी ।



मतपेटिकामा मतपत्र खसालिदै ।



नेपाल पत्रकार महासंघ उपत्यका प्रदेश समितिको महासचिव र सचिव पदका लागि भएको निर्वाचनको मतगणना गरिदै ।



नेपाल पत्रकार महासंघ उपत्यका प्रदेशको महासचिवमा श्रीजन झा निर्वाचित भएपछि खुशीयाली मनाइदै ।

# महासंघका प्रेस विज्ञप्ति

मिति : २०७४/१२/१

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ पर्वतका अध्यक्ष तथा नागरिक सम्वाददता छविलाल तिवारीलाई प्रकाशित समाचारको विषयलाई लिएर निर्माण व्यवसायी राजेन्द्र भण्डारीले फोन गरी भौतिक कारबाहीको धम्की दिएको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

पर्वत अध्यक्ष तिवारीका अनुसार २०७४ फागुन २० गते नागरिक दैनिकमा प्रकाशित 'निर्माणाधीन पक्की पुल अलपत्र' शीर्षक समाचारको विषयलाई लिएर निर्माण व्यवसायी भण्डारीले आज ९८५१०१०४३३ नम्बरबाट फोन गरी अध्यक्ष तिवारीलाई मारेर फालिदिने भनी धम्क्याएका थिए ।

प्रकाशित/प्रसारित समाचारप्रति चित्त नबुझे वा कुनै गुनासो रहे त्यसउपर अपनाउनु पर्ने कानुनी उपचारका बाटोलाई छाडेर पत्रकारलाई ज्यान मार्ने धम्की दिएको यो घटना प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथिको हस्तक्षेप हो । महासंघ प्रेस स्वतन्त्रताविरोधी यस किसिमका घटनाको घोर भर्त्सना गर्दछ । र, धम्की दिने भण्डारीमाथि तत्काल कानुनी कारबाही गरी पत्रकारलाई निर्वाध र सुरक्षित पत्रकारिता गर्ने वातावरण निर्माण गर्न सम्बन्धित निकायसँग माग गर्दछ ।

..................
रमेश विष्ट
महासचिव

मिति : २०७४/१२/०९

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघको उपलब्ध पदाधिकारी तथा सदस्यहरूको बैठकले महासंघको ६३औं स्थापना दिवसलाई विविध कार्यक्रम सहित मनाउने निर्णय गरेको छ ।

अध्यक्ष गोविन्द आचार्यको अध्यक्षतामा बसेको बैठकले ६३औं स्थापना दिवस मनाउन महासचिव रमेश विष्टको संयोजकत्वमा सचिवहरू रामप्रसाद दाहाल, प्रकाश थापा, शीतल महतो, लक्ष्मी पुन, रेम विश्वकर्मा र उदय जीएम रहेको समिति गठन गरेको छ ।

स्थापना दिवसका अवसरमा महासंघले चैत १६ गते महासंघका पूर्वसभापतिहरूलाई सम्मान गर्नुका साथै केन्द्रीय कार्यालयमा रक्तदान तथा चियापान कार्यक्रमको आयोजना गर्ने निर्णय गरेको छ ।

त्यस्तै महासंघका सबै शाखा, प्रतिष्ठान, एसोसिएट र वैदेशिक शाखाहरूलाई २०७४ चैत १६ गते रचनात्मक कार्यक्रमहरू गरी स्थापना दिवस मनाउन आह्वान गरिएको छ ।

..................
प्रकाश थापा
सचिव

मिति : २०७४/१२/१४

## प्रेस विज्ञप्ति

समाचार संकलनका क्रममा भरतपुर महानगरपालिका पुगेका पत्रकारहरूलाई दुर्व्यवहार गरी समाचार संकलनमा रोक लगाएको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

महासंघ चितनव शाखाअनुसार चैत १३ गते उद्योग वाणिज्य संघ चितवनको टोलीले करको विषयमा ज्ञापनपत्र वुझाउने कार्यक्रमको समाचार संकलन गर्न भरतपुर महानगरपालिकामा पुगेका महासंघ चितवन शाखाका सहसचिव एवं कान्तिपुर टेलिभिजनका सम्वाददाता प्रवीण कुमार दत्त, कान्तिपुर दैनिकका रमेशकुमार पौडेल, कान्तिपुर टिभिका नवराज मिश्र, नागरिक दैनिककी सविता श्रेष्ठ, अन्नपूर्ण पोष्ट दैनिकका तुलमान गुरुङ, कालिका एफएमकी गीता गुरुङ, सौराहा अनलाईनका शिव आचार्यमाथि नगरप्रमुख रेनु दाहाल र उपप्रमुख पार्वती शाहकै रोहवरमा प्रशासकिय अधिकृत प्रेमराज जोशी र वडा नं. १० का वडाअध्यक्ष अरुण पीडित भण्डारीले गालीगलौज सहित दुर्व्यवहार गरी कार्यक्रम स्थलवाट वाहिर निकालिएको थियो ।

नागरिकलाई सुसूचित गराउने धर्म निर्वाहमा जुटेका पत्रकारलाई समाचार संकलनमा रोक लगाई दुर्व्यवहार गरिएको यो घटना प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप हो । पत्रकारको संविधानप्रदत्त अधिकारमाथि आघात पुऱ्याउने यो घटनाको महासंघ कडा शब्दमा भर्त्सना गर्दछ । र, दोषीमाथि कारबाही गर्न र पत्रकारको संविधानप्रदत्त अधिकारको सम्मान गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ ।

..................
रमेश विष्ट
महासचिव

मिति : २०७४/१२/१५

## प्रेस विज्ञप्ति

नेपाली पत्रकारहरूको साझा संस्था नेपाल पत्रकार महासंघ २०७४ चैत १६ गते आफ्नो स्थापनाको ६३ औं वर्षमा प्रवेश गर्दैछ । यस अवसरमा देशैभर र विश्वका विभिन्न देशमा छरिएर रहेका महासंघका सदस्यसहित आम नेपाली सञ्चारकर्मी तथा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरूमा म हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

नेपालमा लोकतन्त्र, नागरिक अधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, पत्रकारिताको संस्थागत विकास र श्रमजीवी पत्रकारको हकहितका लागि अग्रजहरूले सुरू गरेको गौरवपूर्ण इतिहासप्रति महासंघ गर्व महसुस गर्दछ । आगामी दिनमा जस्तोसुकै प्रतिकूल अवस्थामा पनि अग्रजहरूले देखाएको मार्गबाट रत्तिभर विचलित नभई महासंघको उद्देश्य हासिल गर्न अझ सशक्तरूपमा लागिरहने प्रतिवद्धता पनि व्यक्त गर्न चाहन्छु ।

यतिवेला नेपाली सञ्चार क्षेत्र विभिन्न अवसर र चुनौतीका बीचबाट गुज्रिरहेको छ । संविधानसभाबाट जारी भएको नयाँ संविधानबमोजिम देशमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको संस्थागत अभ्यास सुरु भएको छ । केन्द्र, प्रदेश र स्थानीय तहमा निर्वाचनमार्फत् जनताका प्रतिनिधिहरूले सत्ता सञ्चालन गरिरहेका छन् । सञ्चार क्षेत्रले राज्यका सबै निकायका काम कारवाहीको निगरानी गर्नुका साथै सत्य-तथ्य सूचना प्रवाह र जनताका आवाजहरूलाई सार्वजनिक गर्न अझ बढी संवेदनशील बन्न जरुरी छ । यसैगरी राजनीतिक स्थायित्वसँगै विकास र सम्वृद्धिका पक्षमा आफ्नो जिम्मेवारी बहन गर्नसमेत म महासंघको तर्फबाट नेपाली मिडिया जगत् र आम सञ्चारकर्मीहरूमा हार्दिक अपिल गर्दछु ।

नेपालको संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रको मूल मर्म र भावनाअनुरुप नेपाली सञ्चार क्षेत्रको पुनर्संरचना अहिलेको प्रमुख आवश्यकता हो । राष्ट्रिय आमसञ्चार नीति २०७३ लाई कार्यान्वयन गर्नुका साथै सोही नीति अनुरुप सूचना तथा सञ्चारसम्बन्धी कानुनी र संरचनागत व्यवस्थाका लागि म नेपाल सरकार र सरोकारवाला पक्षसँग आग्रह गर्दछु । महासंघले अगाडि सार्दै आएका श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयन, पत्रकारको दक्षता अभिबृद्धिका लागि केन्द्र र प्रदेश स्तरमा आम सञ्चार प्रशिक्षण प्रतिष्ठानको स्थापना, सार्वजनिक सेवा प्रसारक संस्थाको स्थापना, आम सञ्चार प्राधिकरण, विज्ञापन परिषद् जस्ता निकायको स्थापना, प्रेस काउन्सिलको पुर्नसंरचना, विदेशी टेलिभिजन च्यानलमा क्लीनफिड नीति लागू गर्ने व्यवस्था, समानुपातिक विज्ञापन नीतिको कार्यान्वयन, पत्रकारका लागि दुर्घटना तथा स्वास्थ्य बीमा, जेष्ठ तथा अशक्त पत्रकारलाई जीवन निर्वाह भत्ताको व्यवस्था एवं आमसञ्चार विकास कोषको स्थापनालगायतका मागहरू पूरा गर्न सरकारसहित सम्बन्धित निकायहरूमा म पुनः ध्यानाकर्षण गराउँदछु ।

पछिल्ला दिनहरूमा प्रेस स्वतन्त्रता हनन्का घटनामा संख्यात्मकरूपमा केही कमी आए पनि प्रबृत्तिगत अवस्था उस्तै रहेको छ भने दण्डहीनता र सेल्फसेन्सरसीपको अवस्था पनि कायमै छ । श्रमजीवी पत्रकारहरूका समस्या ज्यू का त्यू छन् । यस अवस्थामा नेपाली मिडिया उद्योगको संस्थागत विकास र श्रम अधिकारको स्थापनाका लागि यस क्षेत्रमा आवद्ध सवैको साझा सरोकार हुनुपर्ने तर्फ ध्यानाकर्षण गराउँदछु ।

स्थापना दिवसको पूर्वसन्ध्यामा म नेपाल पत्रकार महासंघलाई शुभकामना तथा शुभेच्छा प्रकट गर्नुहुने सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दै स्थापना दिवसको यस दिनले हामीलाई आफ्नो कर्तव्यपथमा निष्ठापूर्वक लाग्न अझ बढी प्रेरणा दिने अपेक्षा गर्दछु ।

साथै, स्थापना दिवसका अवसरमा **चैत्र १६ गते महासंघ केन्द्रीय समितिले सञ्चारग्रामस्थित केन्द्रीय कार्यालयमा विहान १०:०० बजे महासंघका पूर्वसभापति तथा अध्यक्ष ज्यूहरूलाई सम्मान गर्नुका साथै दिउँसो २:०० बजेदेखि ५:०० बजेसम्म चियापान कार्यक्रम**को आयोजना गरेको छ । त्यसैगरी महासंघका सबै शाखा र एशोसिएट संस्थाहरूले विभिन्न कार्यक्रमको आयोजना गरेको जानकारी गराउँदै सहभागिताका लागि सम्पूर्ण पत्रकार, मिडिया व्यवस्थापक, पत्रकारिता सम्वद्ध संघसंस्था र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको क्षेत्रमा क्रियाशील संघसंगठनको नेतृत्व तथा सदस्यहरूलाई हार्दिक आमन्त्रण गर्दछु ।

..................

गोविन्द आचार्य
अध्यक्ष

---

मिति : २०७५/०१/०७

## प्रेस विज्ञप्ति

नेपाली पत्रकारको साझा छाता संगठन नेपाल पत्रकार महासंघको आसन्न प्रदेश अधिवेशनको सिलसिलामा महासंघको केन्द्रीय कार्यालयसहित विभिन्न शाखामा केही संगठनको नाममा तालाबन्दी गरिएको घटनाप्रति महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

महासंघको केन्द्रीय समितिको निर्णय अनुसार आन्दोलनरत पक्षले उठाएका मतदाता नामावली लगायतका विभिन्न माग सम्बोधन भैसकेको अवस्थामा महासंघमा नै तालाबन्दी हुनु दुखद् कुरा हो । महासंघको संगठनात्मक जीवनमा निर्वाचन जस्तो लोकतान्त्रिक अभ्यासमा सहभागी हुन आमपत्रकार साथीहरूलाई आग्रह गर्दछु ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा अग्रणी भूमिका निर्वाह गर्दै आएको महासंघका कार्यालयहरूमा ताला लागाइनु भनेको प्रेस स्वतन्त्रताकै बर्खिलाप भएकाले यस्ता कार्यमा संलग्न नहुन महासंका सदस्य साथीहरूमा आग्रह गर्दछु ।

साथै कुनै पनि समस्याको समाधान वार्ता र सम्वादबाट हुने लोकतान्त्रिक विधिलाई अबलम्वन गर्नुको साटो एक्कासी तालाबन्दी गरेर प्रस्तुत हुनु ज्यादै दुःखद् विषय भएकाले तत्काल ताला खोलेर वार्ता र सम्वादको बाटोबाट समस्याको समाधान खोज्न सम्बन्धित पक्षलाई आग्रह गर्दछु ।

..................

रमेश विष्ट
महासचिव

मिति : २०७५/०१/११

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघले संयुक्त राज्य अमेरिकामा क्रियाशील संस्था मदरल्याण्डसँगको सहकार्यमा प्रदान गर्दै आएको "लैङ्गिक समानता पत्रकारिता पुरस्कार-२०७४' यस वर्ष लैङ्गिक समानताको नारासहित सगरमाथा आरोहण गर्ने अभियानमा निस्किएका ६ जना पत्रकार महिलालाई प्रदान गर्ने निर्णय गरिएको छ ।

पुरस्कार छनौटका लागि गठन भएको छनौट समितिको २०७५ वैशाख ११ गते बसेको बैठकले सगरमाथा आरोहणको अभियानमा निस्केका पत्रकार महिलाहरू रोश्ना बस्नेत, प्रियालक्ष्मी कार्की, कल्पना महर्जन, रोजिता वुद्धाचार्य, डोमा शेर्पा र देउराली चाम्लिङ्गलाई संयुक्तरूपमा प्रदान गर्ने निर्णय गरेको हो ।

सगरमाथा आरोहणमा संलग्न ६ जना पत्रकार महिलालाई संयुक्तरूपमा रु एक लाख वीस हजार नगद र सम्मानपत्रसहित यो पुरस्कार विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा आगामी मे ३ (वैशाख २०) गते एक कार्यक्रमको आयोजना गरी प्रदान गरिनेछ ।

..................
रमेश विष्ट
महासचिव

मिति : २०७५/०१/१९

### विश्व प्रेस स्वतन्त्रता दिवस २०१८ को अवसरमा
### नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यको
## शुभकामना सन्देश

मे ३ (वैशाख २०) विश्व प्रेस स्वतन्त्रता दिवस । सन् १९९३ मा संयुक्त राष्ट्रसंघको साधारणसभाले घोषणा गरेपछि युनेस्कोको आह्वानमा प्रत्येक वर्ष मे ३ का दिन संसारभर विश्व प्रेस स्वतन्त्रता दिवस मनाइँदै आइएको छ । विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा यस वर्ष सत्ता र शक्तिको दुरुपयोगविरुद्ध निगरानी गर्नुपर्नेमा जोड दिँदै सञ्चार, न्याय र विधिको शासनबीचको सम्बन्धलाई महत्व दिइएको छ ।

नेपालमा पनि सोही अवधारणामा केन्द्रित भई विविध कार्यक्रमको आयोजना गरी विश्व प्रेस स्वतन्त्रता दिवस मनाइँदैछ । नेपाल पत्रकार महासंघको आह्वानमा काठमाडौंमा मे ३ (वैशाख २०) का दिन बिहान ६:४५ बजे बबरमहलदेखि नयाँ बानेश्वरसम्म प्रभातफेरी र दिउँसो युनेस्कोसमेतको सहकार्यमा एसियाको प्रेस स्वतन्त्रता अवस्थासम्बन्धी अनुगमन प्रतिवेदन सार्वजनिक तथा अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको छ । सो अवसरमा सगरमाथा आरोहण गरिरहेका ७ जना पत्रकार महिलालाई लैंगिक समानता पुरस्कारबाट सम्मान गरिने कार्यक्रमको आयोजना गरिएको छ । महासंघका शाखाको आयोजनामा देशभर विविध कार्यक्रम गरी यो दिवस मनाइँदैछ । प्रेस स्वतन्त्रताको आधारभूत सिद्धान्त, विश्वभर र हाम्रो देशभित्रको प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षाको समग्र अवस्थाको समीक्षा, प्रेस स्वतन्त्रता हननका घटनाको सार्वजनीकीकरण र स्वतन्त्रताको प्रतिरक्षा एवं पत्रकारिता पेशा निर्वाहको क्रममा जीवन उत्सर्ग गर्ने तथा बेपत्ता योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्ने यो दिनको विशेष महत्व छ । यस अवसरमा म नेपाल र विश्वमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको निम्ति जीवन बलिदान गर्नुहुने योद्धाहरूप्रति श्रद्धा व्यक्त गर्दै प्रेस स्वतन्त्रताका पक्षमा अविराम संघर्ष गर्नुहुने सबै महानुभावहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु । यस अवसरमा म सम्पूर्ण पत्रकार एवं प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता पक्षधर सबैलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

नेपालमा २०७४ सालमा प्रेस स्वतन्त्रताको अवस्थाबारे उल्लेख गर्दा २०७४ साल चुनावी वर्षका रूपमा रह्यो । यसै वर्ष तीन चरणमा स्थानीय तहको निर्वाचन सम्पन्न भए । वैशाखमा पहिलो, असारमा दोस्रो र असोजमा तेस्रो चरणको स्थानीय तहको निर्वाचनपश्चात् नागरिकले स्थानीय स्तरमा आफ्ना प्रतिनिधि पाए भने यी निर्वाचनहरू देशमा संघीयता कार्यान्वयनको थालनी बिन्दु पनि बन्न पुगे । त्यसलगत्तै मंसिरमा सम्पन्न प्रादेशिक र संघीय संसदको निर्वाचनले संघीयता कार्यान्वयनको आधार तयार पारे ।

नेपाल पत्रकार महासंघका हकमा समेत यो वर्ष चुनावी वर्ष रह्यो । २०७३ माघदेखि शुरू भएको जिल्ला शाखाका निर्वाचनहरूमध्ये कतिपय ०७४ सालको शुरुवाततिर सम्पन्न भए भने भदौमा महासंघको केन्द्रीय महाधिवेशन सम्पन्न भयो । अहिले महासंघको प्रदेश समितिहरूको निर्वाचन प्रक्रिया जारी छ र वैशाख २२ गते सम्पन्न हुने निर्वाचनपश्चात् महासंघले पनि आफूलाई पूर्णरूपमा संघीय ढाँचामा रूपान्तरण गर्नेछ ।

नेपालमा प्रेस स्वतन्त्रता हननका घटनाहरूका कुरा गर्दा मुख्यरूपमा राजनीतिक गतिरोध वा आन्दोलन वा द्वन्द्व जारी रहेको अवस्थामा प्रेस र पत्रकारहरूलाई बढी आक्रमण हुने गरेको पाइन्छ । तीन चरणका निर्वाचनहरू सम्पन्न भएको यस वर्ष पनि प्रेस स्वतन्त्रता हननका घटनाहरू मूलरूपमा निर्वाचन वरिपरि नै केन्द्रित रहे । निर्वाचनका क्रममा महासंघले देशभर मिसन पठाएर प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षाको वातावरण तयार पार्न भूमिका निर्वाह गरेको थियो ।

यस वर्ष प्रेस स्वतन्त्रता हननका घटनाहरूमा मुख्यरूपमा राज्य पक्ष नै बढी संलग्न रह्यो । पत्रकारहरूको गिरफ्तारी होस् वा निर्बाधरूपमा समाचार संकलनमा रोक लगाउने काम, यस वर्ष राज्यपक्षबाट नै बढी भएको पाइएको छ ।

यसै वर्ष प्रेस स्वतन्त्रता हननका घटनामा न्यायपालिकाको समेत भूमिका रहन गयो । पत्रकारहरूबाट समाचारको स्रोत माग्ने घटना होस् वा मिडियामा आउने समाचारमा रोक लगाउन भएको प्रयत्न, न्यायपालिकासमेत यस वर्ष प्रेस स्वतन्त्रताप्रति अनुदार देखियो । संकटकालमा समेत नदेखिएका यस्ता घटना देखिनुले प्रेस स्वतन्त्रताका हिमायतीहरूलाई झस्काएको छ ।

संघीयता कार्यान्वयनको यस वर्ष प्रेस स्वतन्त्रतामाथि खतरा आउन सक्ने नीतिगत वातावरण पनि बनेको छ । विभिन्न तहहरूमा कानुन निर्माणको प्रक्रिया अघि बढिरहँदा कतिपय ऐन र प्रस्तावित मस्यौदाहरूमा प्रेस स्वतन्त्रता ग्यारेण्टी

गर्ने संविधानका धाराहरू विपरित हुने खालका प्रावधानहरू पनि राखिएको छ। उदाहरणका लागि स्थानीय सरकार सञ्चालन ऐनलाई लिन सकिन्छ, जसको दफा ११ मा एफएम सञ्चालनसम्बन्धी व्यवस्थाअन्तर्गत स्थानीय तहलाई एफ.एम. रेडियो खारेजीको अधिकारसमेत दिइएको छ। यसका साथै केन्द्र, प्रदेश र स्थानीय सरकारले बनाउनु पर्ने सञ्चारसम्बन्धी ऐनहरू बन्ने क्रममै भएकाले यसलाई प्रेस स्वतन्त्रतामैत्री बनाउन नेपाल पत्रकार महासंघको केन्द्रदेखि जिल्लासम्मका सबै संयन्त्रहरूले कडा निगरानीसहित पहलकदमी बढाउनु पर्नेछ।

नेपाल पत्रकार महासंघले नेपालमा हुने प्रेस स्वतन्त्रता हननका घटनाहरूको निरन्तर अनुगमन गर्दै आइरहेको छ। २०५६ सालदेखि महासंघले प्रेस स्वतन्त्रता हनन्का घटना अभिलेखीकरण गर्दै आएको छ। हाल महासंघमा यसका लागि छुट्टै सञ्चार अनुगमन इकाइको व्यवस्था गरिएको छ। यसै वर्षदेखि उक्त इकाइले प्रेस स्वतन्त्रता हनन्का घटना अभिलेखीकरणका लागि अनलाइन डाटाबेस तयार गरी सबै घटनालाई त्यहाँ रेकर्ड गर्ने गरेको छ, जुन डाटाबेस महासंघको वेबसाइटमा सबैले सजिलै हेर्न सकिने गरी राखिएको छ।

नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यालयमा रहेको सञ्चार अनुगमन इकाइमा वर्षभरि अभिलेख गरिएका घटनाहरूलाई आधार मानी महासंघले प्रत्येक वर्ष प्रेस स्वतन्त्रताको अवस्थालाई समेटेर वार्षिक प्रतिवेदन प्रकाशित गर्ने गरेको छ। प्रत्येक वर्ष विश्व प्रेस स्वतन्त्रता दिवस, मे ३, का दिन प्रतिवेदन सार्वजनिक गर्ने गरिएको छ। उक्त प्रतिवेदनका लागि घटनाहरूको अभिलेखीकरण र विश्लेषण गर्दा अघिल्लो वर्षको वैशाखदेखिका घटनाहरूलाई लिने गरिएको छ।

नेपालमा मे ४, २०१७ देखि मे ३, २०१८ सम्म प्रेस स्वतन्त्रता हनन्का ६२ वटा घटना भएका छन्। नेपाल पत्रकार महासंघ सञ्चार अनुगमन इकाईमा दर्ता भएका घटनाहरूमा सबैभन्दा बढी पत्रकारमाथिको धम्की र दुर्व्यवहारका १८ वटा घटना भएका छन् भने पत्रकारमाथिको आक्रमणका १७ वटा र पत्रकार पक्राउका १६ वटा घटना भएका छन्। त्यसैगरी कब्जा, अपहरण र अवरोधका ६ घटना भएका छन्। त्यसैगरी नीतिगत अवरोधका ३ वटा घटना छन् भने पत्रकारलाई बेपत्ता पार्ने १ वटा घटना भएको छ। अघिल्लो वर्षको यही समयमा प्रेस स्वतन्त्रता हनन्का ७६ घटनाहरू भएका थिए। संख्यात्मक हिसावले हेर्दा यो वर्ष पत्रकार तथा सञ्चार क्षेत्रमा केही सुरक्षित देखिन्छ। यद्यपि प्रवृत्तिगत आधारमा भने प्रेस स्वतन्त्रता हनन्का साथै दण्डहीनता र सेल्फसेन्सरसीप कायमै रहेको अवस्था छ।

नेपालको संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रको मूल मर्म र भावनाअनुरूप नेपाली सञ्चार क्षेत्रको पुनर्संरचना अहिलेको प्रमुख आवश्यकता हो। राष्ट्रिय आमसञ्चार नीति २०७३ लाई कार्यान्वयन गर्नुका साथै सोही नीति अनुरूप सूचना तथा सञ्चारसम्बन्धी कानुनी र संरचनागत व्यवस्थाका लागि पनि म नेपाल सरकार र सरोकारवाला पक्षमा आग्रह गर्दछु। नेपाल पत्रकार महासंघले अगाडि सार्दै आएका श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयन, पत्रकारको दक्षता अभिबृद्धिका लागि केन्द्र र प्रदेश स्तरमा आमसञ्चार प्रशिक्षण प्रतिष्ठानको स्थापना, सार्वजनिक सेवा प्रसारक संस्थाको स्थापना, आमसञ्चार प्राधिकरण, विज्ञापन परिषद् जस्ता निकायको स्थापना, प्रेस काउन्सिलको पुनर्संरचना, विदेशी टेलिभिजन च्यानलमा क्लीनफिड नीति लागू गर्ने व्यवस्था, समानुपातिक विज्ञापन नीतिको कार्यान्वयन, पत्रकारका लागि दुर्घटना तथा स्वास्थ्य बीमा, जेष्ठ तथा अशक्त पत्रकारलाई जीवन निर्वाह भत्ताको व्यवस्था एवं आमसञ्चार विकास कोषको स्थापनालगायतका मागहरू पूरा गर्न सरकारसहित सम्बन्धित निकायहरूमा म पुन: ध्यानाकर्षण गराउदछु।

प्रेस स्वतन्त्रता प्रेसको मात्र मुद्दा हैन, यो समग्र समाज र लोकतान्त्रिक प्रणालीको अभिन्न विषय हो। नेपालमा संवैधानिक दृष्टिले पहिलेभन्दा तुलनात्मकरूपमा अहिले प्रेस स्वतन्त्रताको संरक्षण गरिए पनि व्यवहारमा त्यस अनुरूप वातावरण बन्न सकेको छैन। एकातिर प्रेस आफैं पनि मर्यादित हुन जरूरी छ भने राज्यले पनि स्वनियमको माध्यमबाट यसलाई संरक्षण, सम्वर्धन एवं विकासका निम्ति नीतिगत, कानुनी र संरचनागत क्षेत्रमा थुप्रै काम गर्न बाँकी छ। प्रेस स्वतन्त्रताको पक्षमा दृढतापूर्वक उभिई पत्रकारिताको विकासका साथै नेपाल र नेपाली जनताको हितमा काम गर्न हामी सबैलाई प्रेरणा मिलोस्, विश्व प्रेस स्वतन्त्रता दिवस २०१८ को अवसरमा पुन: सबैमा हार्दिक बधाई तथा शुभकामना।

..................
गोविन्द आचार्य
अध्यक्ष

मिति : २०७५/०१/२९

## प्रेस विज्ञप्ति

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणको क्रममा मुस्ताङ भ्रमण तथा मुक्तिनाथको दर्शनका क्रममा र काठमाडौं महानगरपालिकाद्वारा गरिएको अभिनन्दन समारोहमा सञ्चारमाध्यमलाई समाचार संकलनमा रोक लगाइएको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ।

दुई दिने नेपाल भ्रमणका क्रममा भारतीय प्रधानमन्त्री मोदी आज विहान पर्यटकीय जिल्ला मुस्ताङको भ्रमण एवं मुक्तिनाथको दर्शनका क्रममा र आजै दिउँसो काठमाडौं महानगरपालिकाद्वारा राष्ट्रियसभा गृहमा गरिएको अभिनन्दन समारोहको समाचार संकलनका क्रममा सञ्चारमाध्यमलाई रोक लगाइएको थियो।

मोदी भ्रमणको समाचार संकलनका लागि पर्यटन मन्त्रालयले सञ्चारमाध्यमलाई विशेष पासको व्यवस्था गरेको भए पनि ती पास लिएका सञ्चामाध्यमलाई पनि समाचार संकलन रोक लगाइएको थियो। यो घटनाले सरकार प्रेसमाथि कति उदार छ भन्ने थप प्रष्ट्याएको छ।

नागरिकलाई सुसूचित गराउने संवैधानिक जिम्मेवारी वहन गर्न खटिएका सञ्चारकर्मीलाई समाचार संकलनमा रोक लगाउनु र अवरोध सृजना गरिनु प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथिको हस्तक्षेप हो। यो घटनाले प्रेस र नागरिकको सुसूचित हुने कानुनी तथा संविधानप्रदत्त अधिकारमाथि आघात पुगेको महासंघ ठहर छ। महासंघ यो घटनाको कडा भर्त्सना गर्दछ र प्रेसलाई निर्वाधरूपमा समाचार संकलनको वातावरण बनाउन र यस्ता घटना नदोऱ्याउन सम्बन्धित निकायसँग माग गर्दछ।

..................
रमेश विष्ट
महासचिव

मिति : २०७५/०१/३१

## प्रेस विज्ञप्ति

कैलालीको लम्कीस्थित सामुदायिक रेडियो पश्चिम १०४.७ मेगाहर्जको स्टुडियोमा कार्यक्रम सञ्चालन भैरहेको अवस्थामा प्रहरी प्रवेश गरेको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ।

वैशाख ३० गते दिउँसो साढे तीन बजेतिर इलाका प्रहरी कार्यालय लम्कीका प्रहरी नायव निरीक्षक कटकबहादुर रावतको नेतृत्वमा हातहतियारसहित गएको प्रहरीको टोली रेडियोको भवनभित्र प्रवेश गरी स्टुडियोमा अन्तर्वार्ता दिइरहेका व्यक्तिलाई पक्राउ गर्नुका साथै पत्रकारहरूमाथि धम्की दिने कार्य गरेका थिए।

कुनै पनि बहानामा सञ्चारमाध्यममा हातहतियारसहित प्रहरी प्रवेश गरिनु तथा प्रकाशन-प्रसारण भएका सामग्रीमाथि पूर्वप्रतिवन्ध लगाइनु नेपालको संविधानविपरीतको कार्य हुनुका साथै प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप हो। महासंघ प्रेसलाई हतोत्साहित र त्रसित बनाउने यो घटनाको कडा शब्दमा भर्त्सना गर्दछ। र, घटनाको छानबिन गरी दोषीउपर कारबाही गर्न र प्रेसको संवैधानिक अधिकारको सम्मान गर्न सम्बन्धित निकायसँग माग गर्दछ।

..................
रमेश विष्ट
महासचिव

# नेजा ग्रामीण उत्कृष्ट पत्रकारिता पुरस्कार दर्खास्त आह्वान

अमेरिकामा रहेका नेपाली सञ्चारकर्मीहरूको साझा संस्था नेपाल-अमेरिका पत्रकार संघ (नेजा) ले प्रत्येक दुई वर्षमा प्रदान गर्दै आएको नेजा ग्रामीण उत्कृष्ट पत्रकारिता पुरस्कारका लागि नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यालयमा २०७५ साल जेठ १२ भित्र दर्खास्त दिन आह्वान गरिन्छ ।

यो पुरस्कार नेपालको ग्रामीण भेगमा रहेर त्यहाँको आर्थिक, सामाजिक, सांस्कृतिक, विकास र सुशासनका क्षेत्रमा सुधार ल्याउन र जनचेतना अभिवृद्धिका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका सञ्चारकर्मी वा सञ्चार संस्थालाई प्रदान गरिने छ । पुरस्कारको राशी २,२२,२२२२ (दुई लाख बाईस हजार दुईसय बाईस रुपैयाँ, बाईस पैसा) रहेको छ । यससम्बन्धी थप जानकारी तथा फारमका लागि महासंघको वेबसाइट www.fnjnepal.org वा नेजाको वेबसाइट www.neajausa.org मा हेर्नुहोला ।

यस पुरस्कारका लागि आवेदन दिन इच्छुक पत्रकारले २०७३ साल भदौदेखि २०७५ साल वैशाख २१ गतेसम्ममा प्रकाशन र प्रशारण भएका कम्तिमा तीनवटा सामग्री महासंघको इमेल fnjnepalcentral@gmail.com मार्फत् वा सञ्चारग्रामस्थित केन्द्रीय कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।



**प्रकाशक** : युरोपियन युनियन र इन्टरनेशनल अलर्टको सहयोगमा नेपाल पत्रकार महासंघ, सञ्चारग्राम, तिलगंगा, काठमाडौं ।
फोन : ४११२७६३, ४११२६७३, Email : fnjnepal@mail.com.np, Web: fnjnepal.org